लुम्बिनी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्थामन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग

# प्रस्ताव आव्हानको सूचना

**सूचना नं. ०७९/८०-१**

**दोस्रो पटक प्रकाशित मिति: २०७९/०९/२१**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्गको चालू आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम संचालन गर्न इच्छुक कृषक/फर्म/कृषक समूह/सहकारी/समिति/उद्यमी/कम्पनीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०७९/०९/२७ गते)भित्र तोकिएको ढाँचामा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र. स. | कार्यक्रम हरुको नाम | न्यूनतम मापडण्ड | संचालन गर्ने कृयाकलाप | कार्यक्रम संचालन हुने स्थान | आवेदकको किसिम | अनुदानको सिमा | स्वीकृत वजेट रु. |
|---|---|---|---|---|---|---|---|
| २ | नयाँ पोखरी निर्माण कार्यक्रम | • पानीको स्थायी स्रोत तथा पोखरी निर्माणको लागी उपयूक्त माटो भएको हुनुपर्ने छ ।<br>• कम्तीमा ३ कठ्ठा जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण हुनुपर्ने ।<br>• जग्गाको स्वामित्व आफ्नै वा १० वर्षको ठेक्का वा लिजमा लिएको सम्झौता भएको हुनुपर्ने ।सार्वजनिक जग्गाको हकमा ५ वर्षको ।<br>पोखरीको गहिराई कम्तीमा १.२ मिटर हुनुपर्ने छ । | कार्यालयले उपलव्ध गराएको ले-आउट तथा डिजाइन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नुपर्नेछ । | जिल्ला भरी | निजी फर्म/समूह /सहकारी / समिति/ उद्यमी/ कम्पनी | स्वीकृत वजेटको परिधि भित्र कार्ययोजना तयार पारी जलाशय क्षेत्रको कुल लागत खर्चको अधिकत ५० प्रतिशत अनुदान रकम वा प्रति हेक्टर रु अधिकतम पाँच लाख दिन सकिने। | २५ लाख |
| ३ | जिउदो माछा विक्रि वितरण स्टल निर्माण/ सुधार | • शहरी क्षेत्रको प्रमुख बजार केन्द्रित भई जिउँदो माछा विक्री वितरण गर्ने निजी व्यवसायी/समूह/समिति/ सहकारीहरुलाई प्राथमिकतामा दिईने।<br>• यस कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा ५० किलो माछा विक्री वितरण गरीरहेको वा गर्नु पर्ने।<br>• कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने। | जिउँदो माछा विक्री वितरणको लागि सिमेन्टेड ट्याकं निर्माण गर्ने र उक्त ट्याकंको भुईमा टायल वा मार्वल बिछाउने र भित्तामा टायल लगाउने।<br>उपकरण खरिद जस्तै: चक्कु, हसिया,तराजु,डिजिटल वाइलेन्स साथै आधुनिक उपकरण आदी खरिद गर्न सकिने।<br>माछा काट्ने भुल्लाउने स्थानमा स्लाव राख्नु पर्ने | जिल्ला भरी | निजी फर्म/समूह /सहकारी / समिति/ उद्यमी/ कम्पनी | ५० प्रतिशत अनुदान वा अधिकतम रु. चार लाख | ८ लाख |

**आवेदनकालागी आवश्यक कागजातहरु**

१. मत्स्य कार्यक्रमको लागी अनुसूची -३४ बमोजिमको निवेदन ।
२. अनुसूची -३७ बमोजिमको व्यवसायिक कार्ययोजना ।
३. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
४. सम्वन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपी ।
५. स्थायी लेखा नं. प्रमाण पत्र तथा गत आ.व.को कर चुक्ता ।
६. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
७. समूह/समिति/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।
८. जग्गाको लालपूर्जाको प्रतिलिपी तथा लिजको जग्गाको हकमा वडा कार्यालयबाट प्रमाणित कम्तिमा १० वर्षको करारनामा ।
९. रु. १० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नुपर्ने ।

सुयम भट्ट
निमित्त कार्यालय प्रमुख

यस सूचनामा आवश्यक वुदाहरु छुट हुन गएमा **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०७९"** वमोजिम गरिने व्यहोरा अनुरोध छ ।उक्त कार्यविधि यसै कार्यालयको वेवसाइडdang.vethos.gov.npबाट डाउनलोड गर्न सकिनेछ । थप जानकारीकोलागी कार्यालयको फोन नं. ०८२-५६०००२१ वा सूचना अधिकारी कृष्ण न्यौपाने (९८५७८२६६८५)लाई सम्पर्क गर्नहुन अनुरोध छ ।

सुदाम भट्ट
नि. कार्यालय प्रमुख

सुदाम भट्ट
निमित्त कार्यालय प्रमुख

फोन न: ०८२-५६००२१ Email: vethosdang@gmail.com, Website: dang.vethos.gov.np